# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१)   काठमाडौं भदौ १९ गते, २०६८ साल   (संख्या २०

## भाग ३

### व्यवस्थापिका-संसद सचिवालयको
### सूचना १

**संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०६८**

संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७८ ले दिएको अधिकार प्रयोग गरी संविधानसभाले संविधानको धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा देहायका नियमहरु बनाएको छ ।

२९३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०६८" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ११९ मा संशोधन :** संविधानसभा व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ११९ को,-

(१) उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :

"तर यस नियममा उल्लिखित कुनै कुराले संसदीय सुनुवाई गर्नु पर्ने कुनै पद रिक्त हुनुभन्दा पहिले नै नियुक्तिको प्रक्रिया प्रारम्भ गरी उक्त पदमा नियुक्तिको लागि सम्भाव्य उम्मेदवारको नाम प्रस्ताव गरी संसदीय सुनुवाईको लागि सम्बन्धित निकायबाट समितिमा पठाउन कुनै बाधा पारेको मानिने छैन ।"

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिम प्राप्त नामावलीमाथि समितिले सम्बन्धित निकायबाट यससम्बन्धी पत्र प्राप्त भएको मितिले पच्चीस दिनभित्र सुनुवाई गरी सम्बन्धित पदको लागि समितिको राय तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्नेछ । उक्त समयभित्र समितिले सम्बन्धित निकायमा आफ्नो राय उपलब्ध गराउन नसकेमा सुनुवाईका लागि पठाईएको पदमा प्रस्तावित व्यक्तिलाई नियुक्ति गर्न कुनै बाधा पर्ने छैन ।"

(३) उपनियम (४) मा रहेका "एकाउन्न प्रतिशत" भन्ने शब्दहरुको सट्टा "एकतिहाई" भन्ने शब्द राखिएको छ ।

(४) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) उपनियम (१) बमोजिम प्राप्त सम्भाव्य उम्मेदवारको नाम समितिको सम्पूर्ण सदस्य संख्याको दुईतिहाई बहुमतबाट अस्वीकृत नभएमा अनुमोदन भएको मानिनेछ ।



२१४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर कुनै सम्भाव्य उम्मेदवारको नाम समितिको सम्पूर्ण सदस्य संख्याको दुईतिहाई बहुमतबाट अस्वीकृत भएमा समितिले सुनुवाईको लागि प्राप्त नामको सम्बन्धमा समितिमा भएको कारवाही, समितिलाई प्राप्त कागजात तथा अन्य विवरण यथाशीघ्र सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ। तत्पश्चात् सम्बन्धित निकायले उक्त प्रस्तावित पदमा अर्को व्यक्तिको नाम प्रस्ताव गरी संसदीय सुनुवाईका लागि समितिमा पठाउनु पर्नेछ।"

## सूचना २

## व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन (पहिलो संशोधन) नियमावली, २०६८

व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १०८ ले दिएको अधिकार प्रयोग गरी सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन (पहिलो संशोधन) नियमावली, २०६८ रहेको छ।

(२) यो नियमावली २०६८ साल भाद्र १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. **व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम ४६ मा संशोधन** : व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४६ को,-

(१) उपनियम (१) मा रहेका "वैदेशिक छात्रवृत्तिमा" भन्ने शब्दहरुपछि "वा स्वदेशी विश्वविद्यालयबाट प्राप्त छात्रवृत्ति वा कोटामा" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपनियम (८) मा रहेका "सचिवालयको पूर्व स्वीकृति लिनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "सचिवालयलाई जानकारी दिनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।



२९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल नियमावलीको नियम ८१ मा संशोधन** : मूल नियमावलीको नियम ८१ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीको नेतृत्व मूल्याङ्कनका लागि देहायको मूल्याङ्कन समिति गठन गरिनेछ :-

(क) महासचिव - संयोजक

(ख) सचिव - सदस्य

(ग) सचिवालय सचिव - सदस्य

(घ) समितिले तोकेको प्रशासन तथा व्यवस्थापन विशेषज्ञ - सदस्य

(ङ) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक - सदस्य"

(२) उपनियम (६) मा रहेको "उपनियम (१)" भन्ने शब्दहरुको सट्टा "उपनियम (२)" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम ८६ मा संशोधन** : मूल नियमावलीको नियम ८६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) व्यवस्थापिका-संसद सेवामा बहाल रहेको कुनै कर्मचारी वा निजको पति वा पत्नीलाई स्वदेश वा विदेशमा उपचार गर्न नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेको आधारमा नियम ८५ को उपनियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त देहायको समितिको सिफारिसमा समितिले उचित ठहऱ्याएको रकम थप आर्थिक सहायताको रुपमा दिइनेछ :-

(क) महासचिव - अध्यक्ष

(ख) व्यवस्थापिका-संसदको सचिव - सदस्य

(ग) सचिवालय सचिव - सदस्य



२९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।